थ्री फेज वायरिङ्ग तालिम सुरु

बुटवल, भदौ २५ (मेसस) । बाँकेको नेपालगञ्ज क्षेत्रका उद्योगहरुमा कार्यरत पेशाकर्मीहरुको लागि सिप अभिवृद्धि तालिम कार्यक्रमअन्तर्गत

थ्री फेज वायरिङ्ग तालिम सुरु भएको छ । रुपन्देही उद्योग संघ र दिगो र सम्मानीत रोजगारका लागि सिप परियोजना (इन्स्योर) को आर्थिक सहयोग तथा पब्लिक टेक्निकल कलेजको व्यवस्थापनमा सोमबारबाट तालिम सुरु भएको हो ।

तालिमको उद्घाटन रुपन्देही उद्योग संघका द्वितीय उपाध्यक्ष जीवकान्त काफ्लेले गरे । सो अवसरमा उनले संघले हालसम्म सिप विकास इकाइमार्फत कामदारहरुको क्षमता अभिवृद्धिका लागि सम्पन्न गरेका तालिमहरु बारे जानकारी गराए । उद्योगहरुमा रहेको जनशक्तिलाई आवश्यक पर्ने सिप अभिवर्द्धि तालिमको पहिचान गर्नुका साथै सम्बन्धित बिषयका तालिमहरुको पाठ्यक्रम निर्माण गर्दै उद्योगीहरुलाई आवश्यक पर्ने तालिमहरु सञ्चालन गर्ने बताए ।

रुपन्देही उद्योग संघका कार्यसमिति सदस्य चन्द्रकान्त खनालले उद्योगहरुलाई चाहिने तालिमहरुको पहिचान गरी आवश्यकताअनुसारका विभिन्न तालिम सञ्चालन गर्दै आएको बताए । इन्स्योर परियोजनाको सहकार्यमा पहिलो वर्षमा नै धेरै काम भइसकेको र उद्योगीहरुलाई आबश्यक पर्ने दक्ष जनशक्तिको उत्पादन भइरहेको उनको भनाइ थियो ।

तालिममा २० जना इलेक्ट्रिसियन प्राविधिकहरुको सहभागिता रहेको छ । दक्ष प्रशिक्षकद्वारा तालिम दैनिक ४ घण्टा (२४ दिन) सञ्चालन हुने छ । तालिमबाट सहायक स्तरका प्राविधिकहरुको कार्य सम्पादन क्षमतामा सुधारल्याई दक्ष कामदार बन्न सहयोग पुऱ्याउन र सहभागीहरुलाई थ्री फेस मोटर कन्ट्रोल प्यानल मर्मत, इन्स्टलेसन, मेजरिङ्ग उपकरणहरुको इन्स्टलेसन, वायमेटालिक रिले, कन्ट्याक्टर, भीएसएस र एएसएस सेक्लेटर स्विचलगायत सैद्धान्तिक र प्रयोगात्मक रुपमा कक्षाबाट सिकाइ हुने तालिमका प्रशिक्षक गोपाल जी ठकुरीले बताए । कार्यक्रमको अभिमुखीकरण रुपन्देही उद्योग संघका सिप विकास इकाइका कार्यक्रम संयोजक खिमानन्द रिजालले गरेका थिए भने सञ्चालन तालिम प्रदायक संस्था पब्लिक टेक्निकल कलेजका प्रशिक्षक गोपालप्रसाद भट्टराईले गरेका थिए ।

शिक्षक आवश्यकता

प्रथम पटक प्रकाशित मितिः २०८०।५।२६

शिक्षा विकास तथा समन्वय इकाई रुपन्देहीको मिति ०८०/५/२१ को प.सं. ०८०/०८१ को च.नं. २८६ अनुसार रिक्त रहेको प्रा.वि. तह दरबन्दीमा अस्थायी करारमा पदपूर्ति गर्नका लागि अनुमति प्राप्त तथा मायादेवी गा.पा. बरेवा रुपन्देहीको मिति २०८०/०५/०७ को प.सं. ०८०।०८१ को च.नं. १८८ अनुसार रिक्त रहेको शिक्षण सिकाई अनुदान मा.वि. तह अंग्रेजी विषय कोटामा पदपूर्ति गर्नका लागि अनुमति प्राप्त भै आएकोमा वि.व्य.स.को मिति २०८०/०५/२४ को निर्णय अनुसार यस विद्यालयको लागि माथि उल्लेखित पदमा शिक्षकहरु खुल्ला प्रतियोगिताबाट पदपूर्ति गर्नुपर्ने भएकोले तपसिल उल्लेखित तह र विषयमा योग्य नेपाली नागरिकहरुबाट आव्हान गरिएको छ । योग्यता प्राप्त उम्मेदवारहरुबाट सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र निवेदन पेश गर्नका लागि अनुरोध गरिएको छ ।

विज्ञापन नं. १/०८०/०८१

- **तह** : प्रा.वि. ■ **श्रेणी**: तृतीय ■ **किसिम** : करार शिक्षक
- **संख्या** : ०१ (एक) ■ **दस्तुर**: रु. १५००
- **उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
- **शैक्षिक योग्याता** : आई. एड. वा सो सरह ।

विज्ञापन नं. २/०८०/०८१

- **तह** : मा.वि. ■ **श्रेणी** : तृतीय ■ **किसिम** : शि.सि.अनुदान
- **संख्या** : ०१ (एक) ■ **विषय** : अंग्रेजी ■ **दस्तुर** : रु. २०००/-
- **उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
- **शैक्षिक योग्याता** : मूल विषय अंग्रेजी लिई स्नातक वा सो सरह ।
- **आवश्यक कागजातहरु** : हस्तलिखित निवेदन, हालसालै खिचिएको फोटो २ प्रति, शैक्षिक प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि २/२ प्रति, नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि २/२ प्रति, अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि २/२ प्रति, निरोगिता प्रमाणपत्र ।
- **तलब स्केल** :- नेपाल सरकारले तोके अनुसार ।
- **दरखास्त दिने अन्तिम मिति** : २०८०/०६/०९ गते दिन मंगलवार ।
- **परीक्षाको किसिम** : लिखित तथा अन्तरवार्ता ।
- **सम्पर्क मिति** : २०८०/०६/१० गते दिन बुधवार ।
- **परीक्षा मिति** : सम्पर्क मितिपछि तोकिने छ ।

प्रधानाध्यापक

श्री लुकठहवाँ माध्यमिक विद्यालय लुकठहवाँ

मायादेवी-५, रुपन्देही

फोनः ९८००७०३६१५ (वि.व्य.स. अध्यक्ष), ९८१४४७१०६७ (प्र.अ.)

श्री जय बागेश्वरी बहुमुखी सहकारी संस्था लि.

सिद्धार्थनगर, भैरहवा, रुपन्देही, फोनः ०७१-५७४३४३

ऋण बुझाउन ल्याउने बारे ३५ दिने सूचना

यस संस्थाबाट विभिन्न उद्देश्यमा ऋण लिएका तपसिलका ऋणी सदस्यहरुले संस्थासंग गरेको ऋण लेनदेन सम्झौताको कागज बमोजिम पटक पटक ताकेता पत्र पठाउदा समेत समयभित्र ऋणको नियमनुसार सावा, व्याज रकम बुझाउने ल्याउने मितिसम्मको ब्याज तथा हर्जाना समेत हिसाब गरी ३५ दिनभित्र ऋण बुझाउन अन्तिम पटक यो ताकेता सार्वजानिक सुचना प्रकाशन गरिएको छ । अटेरी गरी ऋण सावा सो मा लाग्ने संस्थाको नियमानुसारको ब्याज र बिलम्ब हर्जाना बुझाउन नल्याएमा संस्थाका विनियम २०७९, प्रचलित सहकारी ऐन २०७४, प्रचलित सहकारी नियमावली २०७५ तथा संस्थाका ऋण लगानी तथा असुली निति २०७९ बमोजिम, तपाईले चुक्ता गर्नुपर्ने सावा, व्याज एवं हर्जाना रकम चुक्ता गर्नुहुनेछ भन्ने हामीलाई विश्वास छ । यदि तोकिएको मितिभित्र भुक्तानी प्राप्त नभएमा हामी धितो लिलामी, जमानत जफत लगायतका प्रचलित कानुनी प्रावधान अनुरुप असुली गर्न बाध्य हुनेछौं । यो तपाईको लागि अन्तिम अवसर हो ।

ऋणको विवरण	व्यक्तिगत जमानी	धितो विवरण
नामः–रामेश्वर सिंह धुरिया गौड बाबुः– राम प्रसाद धुरिया बाजेः– जोखु धुरिया ठेगानाः–सि.न.पा–०७ हालः– ओमसतिया–४, रुपन्देही ना.प्रा.नः–६८०७	नामः–विमल कानु बनिया बाबुः– देवी प्रसाद कानु बनिया बाजेः–राम नारायण कानु बनिया ठेगानाः–सि.न.पा–०३ हालः– सि.न.पा–०६ ना.प्रा.नः– जिल्लाः–रुपन्देही	मालपोत कार्यालय रुपन्देही, भैरहवा कित्ता नं. बसन्तपुर ८क/१२३५ क्षेत्रफल ०–०–६–०, कि.नं. बसन्तपुर ८क/१५३५ क्षेत्रफल०–०–३.५–०
नामः–राम शब्द चौधरी (कुर्मी) बाबुको नामः– चन्द्रिका कुर्मी बाजेको नामः–अयोध्या कुर्मी ठेगानाः–बैरघाट–०२ हालः– कोटहीमाइ –०४, ना.प्रा.नः–१२ जिल्लाः–रुपन्देही	नामः–राम शब्द चौधरी (कुर्मी) बाबुको नामः– चन्द्रिका कुर्मी बाजेको नामः–अयोध्या कुर्मी ठेगानाः–बैरघाट–०२ हालः– कोटहीमाइ–०४, ना.प्रा.नः–१२ जिल्लाः–रुपन्देही	मालपोत कार्यालय रुपन्देही, भैरहवा कित्ता नं. बैरघाट १/७४१ क्षेत्रफल ०–०–१५.२५
नामः–सावित्री अहिर श्रीमान :– पहलाद अहिर ससुराः–मोहर अहिर ठेगानाः–मर्यादपुर–०७ हालः– कोटहीमाई –०४, रुपन्देही ना.प्रा.नः–३९११८	नामः–राजेन्द्र अहिर बाबुः– पहलाद अहिर बाजेः–मोहर अहिर ठेगानाः–मर्यादपुर–०७ हालः– कोटहीमाई–०४, रुपन्देही ना.प्रा.नः–	मालपोत कार्यालय रुपन्देही, भैरहवा कित्ता नं. मर्यादपुर ५क/४६७, ४६६, ४६४, ८१०, १२८, २१९, ८०८ क्षेत्रफल ०–२–१.२५, ०–२–१.२५, ०–२–१७, ०–०–१७.५०, ०–२–८, ०–३–६, ०–५–९.२५, जम्मा क्षेत्रफलः ०–१९–०.२५

मालारानी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खनदह, अर्घाखाँची

शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/०५/२६

मालारानी गाउँपालिका गाउँ कार्यपालिका खनदह अर्घाखाँची अन्तर्गत तपसिल बमोजिमको सि.जि.आई.सिट खरिद तथा सप्लाई कार्यको बोलपत्रद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायि, उत्पादक तथा सप्लायर्सले निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको बोलपत्र E-Bidding मार्फत आह्वान गरिन्छ ।

१. बोलपत्र दस्ततुर (फिर्ता नहुने गरी) यस कार्यालयको नेपाल ईन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड मालारानी शाखामा रहेको आन्तरिक राजश्व हि.नं. २९२०१४०००००१२३ ग १.१ मा जम्मा गरेको भौचर सहित आ.व. २०८०/०८१ सम्म मान्य भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजत र मू.अ. करमा दर्ता भएको प्रमाणपत्र तथा आ.व. २०७८/०७९ सम्म मान्य भएको कर चुक्ता प्रमाणपत्रपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी www.bolpatra.gov.np/egp मिति २०८०/०६/२५ गते दिउँसो १२:०० बजेसम्म E-Bid मार्फत दर्ता गराउनु पर्ने छ ।
२. बोलपत्र फारामहरुमा उल्लेख भएका भर्नुपर्ने सबै विवरणहरु प्रष्टसँग भरी दर्ता गराउनु पर्नेछ । दर्ता भएका बोलपत्रहरु मिति २०८०/०६/२५ गते दिनको १:०० बजे कार्यालयका प्रतिनिधि एवं बोलपत्रदाता एवं प्रतिनिधिहरुको रोहबरमा यसै कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।
३. बोलपत्रफाराम साथ तपसिलमा उल्लेखित जमानत धरौटी वापतको रकम यस कार्यालयको नेपाल ईन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड मालारानी शाखामा रहेको धरौटी २९२००१४००००१०९ ग ३.१ खातामा नगद जम्मा गरेको भौचर वा यस कार्यालयको नाममा जारी भएको बैक जमानत (बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखि १२० दिनसम्मको म्याद भएको) संलग्न गर्नु पर्ने छ ।
४. बोलपत्र खरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा विदापछि कार्यालय खुलेको दिन हुनेछ ।
५. सार्वजनिक खरिद नियामावली २०६४ को एघारौं संशोधन २०७८ प्रारम्भ भए पश्चात् बोलपत्र प्रकृयामा भाग लिदा निर्माण व्यावसायीले पाँच वटा भन्दा बढि बोलपत्र प्रकृयामा भाग नलिएको स्वघोषणा अनिवार्य पेश गर्नु पर्ने छ ।
६. यसमा उल्लेखित सर्तहरु यसै बमोजिम र उल्लेख नभएका शर्तहरु प्रचलित कानून बमोजिम हुनेछ । साथै बोलपत्र स्वीकृत/अस्वीकृत गर्ने अधिकार कार्यालयमा निहित रहेन छ ।
७. बोलपत्र सम्बन्धी अन्य जानकारी लिनु परेमा कार्यालय समयभित्र ९८५७०२३६२९मा सम्पर्क गर्न वा malaraniruralmun@gmail.com/ hariji629@gmail.com मा पठाउन सकिनेछ ।
८. बोलपत्र खरिद दस्तुर, लागत रकम र बिडवण्ड रकमको विवरण निम्न अनुसार छ ।
९. तपसिल

ठेक्का नं.	योजनाको नाम	बोलपत्र/ दस्तुर रु.	ल.ई.रकम (मु.अ.कर बाहेक बाहेक)	बिडबण्ड रकम रु.
NCB/MRM/CGIS/ 05/ 2080/081	सि.जि.आई.सिट खरिद तथा सप्लाई कार्य	३,०००।००	९३,९१,९१६।६०	२,७६,०००।००

प्रमुख प्रशासकिय अधिकृत

Sandhikharka Municipality

Office of the Municipal Executive

Sandhikharka, Arghakhanchi

Invitation for Sealed Quotation (SQ/SM/G/S/03/2080/81)

Date of First Publication: 2080/05/26

1. Sandhikharka Municipality invites sealed quotations from registered Suppliers for the supply & delivery of stationery & office goods.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Sandhikharka Municipality, Sandhikharka Arghakhanchi, email: info@sandhikharkamun.gov.np, telephone No. 077-420662.
3. A complete set of Bidding Documents may be purchased from the office of Sandhikharka Municipality, Sandhikharka, Arghakhanchi by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, tax clearance certificate of fiscal year 2078/79 or time extension and upon payment of a non-refundable fee of NRs. 1000.00 till 2080/6/9 during office hours. Bidders may deposit the cost of bidding documents in the following bank account.
   Name of Office: Sandhikharka Municipality
   Name of the Bank: Rastriya Banijya Bank, Sandhikharka Branch
   Account No. : SANDHIKHARKA NP.PA.(GA-1-1) 3050100301010002
4. Sealed bids must be submitted to the office of Sandhikharka Municipality, Sandhikharka Arghakhanchi by hand on or before 12:00 on 2080/6/10. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 on 2080/6/10 at the office of Sandhikharka Municipality, Sandhikharka, Arghakhanchi. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 35,000.00, which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in following bank Account.
   Name of Office: Sandhikharka Municipality
   Name of the Bank: Rastriya Banijya Bank, Sandhikharka Branch
   Account Number: Dharauti-3050100303000002
   Bank Address: Sandhikharka, Arghakhanchi
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

Chief Administrative Officer

बौद्धिक ज्ञानको साम्राज्यमा महिलाले हस्तक्षेप बढाउनुपर्छः नेता पुन

बुटवल, भदौ २५ (मेसस) । नेकपा (माओवादी केन्द्र) का स्थायी कमिटि सदस्य गणेशमान पुनले बौद्धिक ज्ञानको साम्राज्यमा महिलाले हस्तक्षेप बढाउनुपर्ने बताएका छन् । सोमबार प्रेस सेन्टर नेपाल रूपन्देहीले बुटवलमा आयोजना गरेको तीज पर्वको संरक्षण र संवर्धन विषयक अन्तर्क्रियामा बोल्दै नेता पुनले महिलाहरूले नीति निर्माण तहमा भौतिक उपस्थितिसँगै बैचारिक हस्तक्षेप पनि बढाउनुपर्नेमा जोड दिए ।

एकातिर महिला नेतृत्वले संविधानले व्यवस्था गरेअनुरुप वैचारिक हस्तक्षेप बढाउन नसकेको र अर्कोतर्फ प्राप्त उपलब्धि नै उल्ट्याउनेतर्फ केही स्वार्थ समूह लागिपरेको भन्दै नेता पुनले त्यसतर्फ पत्रकारको पनि ध्यान केन्द्रित हुनुपर्ने बताए ।

माओवादी केन्द्रका लुम्बिनी प्रदेश अध्यक्ष सुदर्शन बरालले जनताका समस्यालाई मेनस्ट्रिम मिडियाले महत्व नदिएको बताए । गाउँमा बादरले किसानलाई सताएको, तराईमा हात्ती र बाघको आक्रमण बढेको, करोडौँ मूल्यको काठ जंगलमा कुहिएर खेर गएको तर विदेशी शक्तिकेन्द्रको कारण समस्या हल गर्न नसकिएको उल्लेख गर्दै नेता बरालले संचारकर्मीले त्यतातिर ध्यान केन्द्रित गर्नुपर्नेमा जोड दिए ।

अन्तर्क्रियामा प्रेस सेन्टरका केन्द्रिय उपमहासचिव यानेन्द्र जिसी, नेपाल पत्रकार महसंघ रूपन्देही अध्यक्ष रामराजा पोखरेल, संचारिका समूह लुम्बिनी प्रदेश अध्यक्ष अमृता अनमोल, प्रेस सेन्टरका केन्द्रीय सदस्य सरु राना, अग्रज पत्रकार नारायण सापकोटा, गुरुदत्त ज्ञवाली, प्रेस युनियन नेपाल रुपन्देही सभापति कविन्द्र नेपाल, समाजवादी प्रेस संगठन रुपन्देही उपाध्यक्ष उषा किरण, प्रगतिशील पत्रकार संघ रुपन्देही अध्यक्ष विरेन्द्र कुँवरलगायतले बोल्दै तीजको महत्वबारे चर्चा गरेका थिए ।

प्रेस सेन्टर रुपन्देही अध्यक्ष विष्णु पोखरेलको अध्यक्षता, उपाध्यक्ष एवं महिला विभाग संयोजक अम्बिका परियारको सहजीकरण रहेको थियो ।

लुम्बिनी प्रदेश सरकार

खानेपानी, ग्रामीण तथा सहरी विकास मन्त्रालय

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, गुल्मी

सप्लाई कार्यको बोलपत्र सम्बन्धी सूचना

www.bolpatra.gov.np/egp मा पहिलो पटक प्रकाशित मिति : २०८०/०५/२६

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय गुल्मीद्वारा आ.ब. २०८०/०८१ मा संचालित विभिन्न खानेपानी तथा सरसफाई आयोजनाहरुमा तपशिलका सप्लाई कार्यहरू खुल्ला प्रतिस्पर्धाबाट e–bidding मार्फत गराउनु पर्ने भएकाले इच्छुक रित पुगेका नेपाली उत्पादक कम्पनी, सप्लायर्स वा फर्महरूबाट तपशिल बमोजिमको शर्तहरुको अधिनमा रहने गरी छुट्टाछुट्टै e–bidding मार्फत www.bolpatra.gov.np/egp बोलपत्र आवहान गरिन्छ ।

क्र. सं.	ठेक्का नं.	कामको विवरण	योजनाको नाम	बोलपत्र दस्तुर रु.	ल.ई रकम (भ्याट बाहेक) रु.	जमानत रकम रु.
१	WSSDO/Gulmi/ NCB/G/080-81/01	HDPE पाइप खरिद तथा सप्लाइ कार्य	सघन खानेपानी विकास आयोजना अन्तर्गतका विभिन्न आयोजनाहरू	३०००.००	१,०२,५८,२७८.००	२,९०,०००.००
२	WSSDO/Gulmi/ NCB/G/080-81/02	HDPE पाइप खरिद तथा सप्लाइ कार्य	जलवायु अनुकुलित वृहत खानेपानी आयोजना अन्तर्गतका विभिन्न आयोजनाहरू	३०००.००	४७,२१,६८६.००	१,३४,०००.००
३	WSSDO/Gulmi/ NCB/G/080-81/03	GI पाइप खरिद तथा सप्लाइ कार्य	विभिन्न खानेपानी आयोजना	३०००.००	७९,५६,४८६.००	२,२५,०००.००

डिभिजन प्रमुख

इट्टा चाहिएमा !

तपाईहरुको शहर भैरहवा बुटवलमा बलियो, भरपर्दो तथा टिकाउ L.B.F. मार्का इट्टा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला ।

मार्का

सम्पर्कः पडसरी-५, ठुटीपिपल, रुपन्देही

फोनः ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३ फ्याक्ट्री

नोटः पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाची लगायत अन्य जिल्लाहरुमा पनि ट्रकमा पठाउने व्यवस्था छ ।

ट्वाइलेट सफा गराउनुहोस्

- तपाईको शहर बुटवल तथा लुम्बिनी अञ्चलमा आधुनिक जापानिज मेसिनद्धारा सेफ्टी ट्यांकीको रिङ्ग भरिएमा १० मिनेटमा सफा गरिन्छ ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्धारा १० मिनेटमै सेफ्टी ट्यांकीको रिङ्ग खाली गरिन्छ ।

भैरहवा सेनेटरी
बर्मेलीटोल, भैरहवा, रुपन्देही
९८५७०१५७६३, ९८१७५११८३३

न्यू शिव सेनेटरी
पडसरी, ठुटीपिपल, रुपन्देही
९८५७०१५२६३, ९८११९२३९१९

आवश्यकता

प्रकाशित मितिः २०८०।५।२६

सियारी गाउपालिका को च.न. ६५१, ६५२ र ६५४ मिति २०८०।०५।२४ गतेको पत्रमा सियारी शिक्षा ऐन २०७९ को पहिलो संशोधनको दफा (३७) को (१) बमोजिम विज्ञापन अनुमति पत्र अनुसार मिति २०८०।०५।२५ गते बसेको वि.व्य.स. को बैठकको निर्णय अनुसार विद्यालय लेखा कर्मचारी, नि.मा.वि. तह अंग्रेजी शिक्षण सिकाइ अनुदान र नि.मा.वि. तह विज्ञान शिक्षण सिकाइ अनुदानमा विज्ञापन गरि पदपुर्ती गर्नुपर्ने भएकोले इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुबाट तपसिलका शर्त र परिधिभित्र रहि आवश्यक कागजात सहित विज्ञापन प्रकाशन भएको मितिले १५ दिनभित्र रितपुर्वक दरखास्तका लागि आव्हान गरिन्छ ।

तपसिल

विज्ञापन नं. ०१ माध्यमिक तह

- **विषय** : कार्यालय सहायक (लेखा) (संघिय अनुदान) ।
- **शैक्षिक योग्यता** : मुल लेखा बिषय लिइ स्नातक वा सो सरह उत्तीर्ण ।

विज्ञापन नं. ०२ निम्न माध्यमिक तह

- **विषय** : अंग्रेजी (शिक्षण सिकाइ अनुदान) ।
- **शैक्षिक योग्यता** : मुल विषय अंग्रेजी लिइ +२ उत्तीर्ण ।

विज्ञापन नं. ०३ निम्न माध्यमिक तह

- **विषय** : विज्ञान (शिक्षण सिकाइ अनुदान) ।
- **शैक्षिक योग्यता**: मुल विषय विज्ञान लिइ +२ उत्तीर्ण ।
  (माथिल्लो योग्यतालाई ग्राहयता दिइनेछ ।)
- **दरखास्त दिने अन्तिम मिति** : २०८०।०६।०९ गते ४.०० बजेसम्म ।
- **सम्पर्क मितिः** २०८०।०६।१० गते ।
- **दरखास्त दस्तुरः** रु. १०००/-
- **परिक्षाको किसिम** : लिखित, अन्तर्वार्ता ।
- **सेवासुविधाः** नेपाल सरकारको नियम बमोजिम ।
- **आवश्यक कागजातः** नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्र, अध्यापन अनुमति पत्र, हस्तलिखित निवेदन ।
- **उमेर** : १८ वर्ष पुरा भै ४० वर्ष ननाघेको ।

प्रधानाध्यापक

श्री दुर्गा देवी माध्यमिक विद्यालय

सियारी गाउपालिका–६, बर्दहवा, रुपन्देही

आयो टप्प टिपी लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो
इन्द्रै बिन्ति गरुन् झुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो

हार्दिक समवेदना

जन्मः २०००।१।२१

स्व. ओमकार गौचन

स्वर्गारोहणः २०८०।५।१७

यस मुन लाईट आवासीय मा.वि., सिद्धार्थनगर–६ का पूर्व अध्यक्ष, संचालक समितिका प्रमुख सल्लाहकार, सामाजिक व्यक्तित्व, विकासप्रेमी एवं हाम्रा अभिभावक **ओमकार गौचन**को मिति २०८०।५।१७ गतेका दिन ८१ वर्षको उमेरमा भएको निधनले हामी सम्पूर्ण विद्यालय परिवारलाई स्तब्ध बनाएको छ । सातौं दिनको पुण्यतिथीमा दिवंगत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

राजेश राज जोशी
प्राचार्य

एवं

राजेश खरेल
अध्यक्ष

मुन लाईट आवासीय मा. वि. परिवार

सिद्धार्थनगर–६, भैरहवा, रुपन्देही